कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित

## सार्वजनिक सुनुवाई (२०७९/०८/०१ देखी २०७९/११/२८) कार्यक्रममा कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण

**1. पृष्ठभूमिः**

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०७९/८/१ देखी आज मिति २०७९/११/२९ गते सम्म सम्पादन गरेका काम कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. **मोडरेटरः रामकान्त पौडेल, धुर्वराज लामिछाने विप्स मिडिया प्रा.ली. (तेस्रो पक्ष)**
3. **समयः दिनको १ बजे देखी करिव ४ घण्टा**
4. **स्थानः वडा न. ६ वडा कार्यालय भवन परिसर**
5. **उद्देश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन्:**
   1. चालु आर्थिक वर्ष ०७९/८० को दोस्रो चौमासिकमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने।
   2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने।
   3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने।
   4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने।

**5. सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिताः**

1. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
2. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
3. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
4. सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
5. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन।
6. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
7. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
8. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
9. सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
10. सुनुवाइलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनु पर्नेछ।

अधिकृत

## 6. सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू

क) अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ। कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक संस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ।

क) दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा बढी भन्दा बढी सहभागिता जुटाउनका लागि नगरपालिकाले सबै वडा कार्यालय मार्फत् वडा अध्यक्ष, कार्यपालिका सदस्य , वडा सदस्य , टोल सुधार समितिका अध्यक्ष , उपभोक्ता समितिका अध्यक्ष, नागरिक समाज र शैक्षिक व्यक्तित्वहरुलाई उपस्थितिको लागि पत्राचार गरिएको।

ख) वडा अध्यक्ष , कार्यपालिका सदस्य तथा वडा सदस्य ज्यूहरुलाई SMS मार्फत सूचना प्रवाह गरिएको।

ग) सहयोगी सस्था मार्फत माईकिंग र संचार मार्फत् सूचना प्रवाह गरिएको।

२. सेवा प्रवाहको औजारको रुपमा रहेको नागरिक अभिमत –पत्र लिनुपर्नेमा आगामी सार्वजनिक सुनुवाईमा स्वतन्त्र व्यक्तिहरुबाट सर्वेक्षण गरि सार्वजनिकीकरण गरिनेछ।

प्रथम चौमासिक सार्वजनिक सुनुवाई गर्दा नगर क्षेत्रका नागरिकहरुको अभिमत संकलन गर्न नसकिएको र दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा यसलाई प्रार्थमिकतामा राखी सार्वजनिक सुनुवाईका लागि छनौट भएको बिप्स मिडिया प्रा.लि. रत्ननगर मार्फत् संकलन गरि यसै कार्यक्रममा नागरिक अभिमत सार्वजनिक गरिने छ। सोबाट प्राप्त सुझावहरुलाई नगरपालिकाले प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै जाने छ।

३. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बीमा कार्यक्रमबाट प्रदान गरिने औषधी व्यवस्थित गरी सेवालाई सुधार गरिनेछ।

कालिका नगरपालिकाको स्वास्थ्य सेवा प्रणालीलाई जनताको पहुचमा वृद्धि गरी गुणस्तरीय सेवा प्रदान गर्नका लागि हरेक वडामा स्वास्थ्य संस्था स्थापना गरि सेवा प्रवाह गरिँदै आएको छ। सो कार्यलाई व्यवस्थित गर्दै कालिका नगर अस्पतालको सेवालाई बढी व्यवस्थित गुणस्तरीय र विश्वासिलो बनाउनका लागि साधन सम्पन्न बनाउँदै लगिएको छ। यस चौमासिकमा भिडियो एक्स-रे सेवा प्रारम्भ गरिएको छ। बिमाबाट प्राप्त हुने औषधी नगर अस्पतालको फार्मेसीबाट उपलब्ध हुने गरी व्यवस्था मिलाईएको छ भने सरकारी सुविधा मार्फत उपलब्ध हुने औषधिको समेत सहज पहुँच को व्यवस्था मिलाईएको छ। वृद्ध वृद्धा तथा दिर्घ रोगीहरुका लागि आवश्यक औषधी फार्मेसीबाट उपलब्ध गरिएको छ।

केही निशुल्क उपलब्ध हुने औषधीहरू प्रदेश र सङ्घ सरकारले खरिद गरी उपलब्ध गराउनु पर्ने हाल सम्म नगरलाई प्राप्त भएको छैन। तपाँईहरुलाई उपलब्ध हुन नसकेका औषधीहरुलई नगर अस्पतालको फार्मेसीमा वा कालिका नगरपालिकाको स्वास्थ्य शाखामा टिपाउनु हुन यसै कार्यक्रम मार्फत् अनुरोध गर्दछु।

प्रदेश सरकारले उपलब्ध गराउनु पर्ने मधुमेहको केही परिमाण नगरपालिकाले खरिद गरि वितरण गर्ने प्रवन्ध गर्दछौं।

### ख . दोस्रो चौमासिक अवधिमा भए गरेका कार्यहरु:-

1. नगरपालिकाको प्रमुख कार्य दैनिकी सेवा प्रवाह हो। यसको लागि नगरपालिका र वडा कार्यालयहरुबाट नियमित पञ्जीकरण, सिफारिस, तथा अन्य सेवाहरू उपलब्ध भईरहेको छ।
2. अधुरा तथा स्वीकृत योजना निर्माण कार्य समयमा सम्पन्न गराउने गरी ताकेता गरिएको।
3. कालिका नगरपालिकाको राजश्वको प्रमुख स्रोतको रुपमा नदिजन्य पदार्थ रहेको छ। यसलाई व्यवस्थित गर्ने क्रममा बेवारिसे डम्पिङ्ग जफत गर्ने र नगरले आफ्नै डिपो राखी विक्रि वितरण गर्ने प्रवन्ध गरिएको छ।
4. नदीजन्य पदार्थ उत्खनन् तथा अवैध ओसार पसार रोक्नका लागि अबैध रुपमा संकलन गरि राखिएको ढुंगा तथा अन्य नदिजन्य पदार्थ करिव ५९१२ घन मिटर नियन्त्रणमा लिई लिलामी प्रकृया अगाडि बढाईएको।
5. थाङ्गखोला र बुङ्गखोला क्षेत्रबाट वडा नं. ४ सहिदस्मृती कलेज परिसर र वडा नं. ८ कार्यालयको परिसरमा डिपो राखी ग्राभेल सङ्कलन गरिएको। उपभोक्ता र अन्य व्यक्तिले शुल्क तिरी ग्राभेल लिन सक्ने व्यवस्था गरिएको छ।
6. मल वितरण प्रभावकारी बनाउन मल कार्ड लागु गरिएको। नियमित बैठक बसी उत्पादकसँग समन्वय गरी मल वितरण कोटा तोकिएको। यस अवधिमा मल सहज रुपमा उपलब्ध गराउन थप बिक्रेता स्वीकृत गरिएको।

... अधिकृत

7. जग्गा कित्ता काट व्यवस्थित गर्ने । कार्यविधि बमोजिम बाटोको अधिकार क्षेत्रको आधारमा जग्गा बर्गीकरणको मापदण्ड तयार गरिएको छ । कालिकाका प्रत्येक कित्तालाई नक्शाङ्कनने गरी बर्गीकरण गर्नु पर्ने भएकोले सोको लागि परामर्शदाता छनौट भई नक्शाङ्कनको कार्य अगाडी बढेको छ ।
8. तत्कालको कित्ता काटलाई सहजीकरण गर्न वडा समितिको वर्गिकरण सिफारिस बमोजिम नगरबाट बर्गिकरण गरी मालपोत र नापी कार्यालयलाई सिफारिस गर्ने गरिएको छ ।
9. सामाजिक सुरक्षा भत्ता वितरित लाभग्राहीको नाम नामेसी प्रकाशनः यसै भवनको बाहिर सूचनापाटीमा कालिका नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण टाँस गरिएको छ । संक्षेपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या देहाय बमोजिम छ। यो अनलाईनप्रणालीबाट निवेदन संकलन , अभिलेख व्यवस्थापन ,वितरण प्रणाली ,तथा लागत कट्टा पनि सोही अनुसार हुने।

**शाखागत प्रगति प्रस्तुतीः**

प्रशासन उप शाखाः

दरवन्दी तथा पदपुर्ति अवस्थाः

| स्थायी कर्मचारीहरु नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | |
|---|---|---|---|---|
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति |
| जम्मा | ५९ | ४७ | १९ | ७ |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति |
| | ३१ | ३३ | ० | २ |
| जम्मा | ९० | ८० | १९ | ९ |

| करार सेवातर्फ | | |
|---|---|---|
| १ | नगरपालिका तथा वडातर्फ | ४९ |
| २ | स्वास्थ्यतर्फ | ३३ |
| ३ | ज्यालादारी | ७ |
| ४ | जम्मा | ८९ |

जम्मा कर्मचारी संख्याः १६९
केही दरवन्दीमा अधिक पदपुर्ति तथा केही अत्यावश्यक पद रिक्त छन्। वडा नं. ३ र ७, ८ र ९ तथा १० र ११ मा ३ जना सचिवबाट संचालित छन्। नयाँ O&M गरी व्यवस्थित गर्नु पर्ने।

**नगरसभा अधिवेशनः कालिका नगरपालिकाको दोस्रो कार्यकालको दोस्रो नगर सभा मिति २०७९/०९/२८ मा सम्पन्न।**

**कार्यपालिका बैठकः बैठक संख्या र निर्णयः ५ वटा बैठक सम्पन्न (मुख्य निर्णयहरुः)**

1) **कालिका नगरपालिकाको पञ्चवर्षिय आवधिक योजना स्वीकृत**
2) **८० वर्ष माथिको उमेर भएकालाई घर घरमा गई स्वास्थ्य जाँच कार्यविधि स्वीकृत**
3) **पत्रकारहरुको सामुहिक दुर्घटना बीमा कार्यविधि स्वीकृत**
4) **नगर अस्पतालको निर्माण गर्ने**
5) **भौतिक संरचनाको मूल्याङ्कन वडाबाटै गर्ने**
6) **खर्च कटौती तथा बेरुजु फछ्यौंट**

**राजश्व उपशाखाः दोस्रो चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड ११ लाख ०६ हजार सात सय सैतिस मात्र।**

**वडाबाट भुमि तथा सम्पत्ति कर संकलन कार्य शुभारम्भ।**

**हालसम्म उठेको राजश्वः हाल सम्म कुल १४ वटा राजश्व शीर्षकमा २ करोड ०७ लाख ७७ हजार ७ सय ७३ रूपैयाँ उठेको छ।**
राजश्व बढाउन नदिजन्य पदार्थको व्यवस्थापन गर्दैछौं। वेवारिसे अवस्थामा रहेको डम्पिङ्ग जफत गर्ने र अमानतबाट नगरले नै व्यवस्थापन गरी ग्राभेल विक्रि वितरण गर्ने तयारी अन्तिम चरणमा छ।
व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ। बजार अनुगमन र आकस्मिक अनुगमन गर्ने तयारीमा छौ।
नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं।

खा अधिकृत

**महिला बालबालिका तथा सामाजकल्याण शाखाः**

**1. सामाजिक सुरक्षा भत्ता वितरणः**

| वर्ग (पौष मसान्त) | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधुवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ५३ | १ | ५ | ११ | ० | १० | २० | १०० |
| जम्मा | २६६९ | १०४ | ३१५ | ५९१ | ६५ | २३१ | १७१ | ४१४६ |

✓ लगत कट्टा ३८ जना

✓ **जम्मा वितरित भत्ताः ४ करोड २५ लाख ९४ हजार ३३८। (हाल सम्मको खर्चः रु ८ करोड ३० लाख ७२ हजार २ सय २५ )**

**2. अपाङ्गता परिचयपत्र वितरणः**

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| चालु चौमासिक | ५ | १२ | ४ | २ | २३ | ग वर्गको सामाजिक सुरक्षा भत्ता वितरणको विवरण सङ्कलन गरि चौमासिक अनुसार भत्ता वितरण गरिएको। |
| हालसम्म जम्मा | ६१ | २१२ | ८९ | २१ | ३८३ | |

**3. अन्य सम्पादित कार्यहरूः**

- **कालिका नगरपालिकाको स्वतन्त्र तेस्रो पक्षबाट लैससास परीक्षण हुँदा ७२ अङ्क प्राप्त भएको छ।**

✓ जेष्ठ नागरिक ६० वर्ष माथि परिचयपत्र वितरणः चौमासिक अवधि १५ जम्मा २११४ जना।

✓ बालबिबाह तथा बहुबिबाह बिरुद्ध को २ वटा सचेतना कार्यक्रम सम्पन्न भएको। (३१५ जना लाभान्वित)

✓ बालबालिका माथीहुने यौन हिंसा न्यूनीकरण लागुऔषध विरुद्धको सचेतना कार्यक्रम| (७६ जना लाभान्वित)

✓ लै.स.सा.स अभिमुखीकरण, परीक्षण (३४ जना लाभान्वित)

✓ अन्तराष्ट्रिय लैगिक हिँसा विरुद्ध १६ दिने अभियान सम्पन्न (१६९ जना लाभान्वित )

✓ अन्तर्राष्ट्रिय महिला दिवस सम्पन्न तनाब व्यवस्थापन तथा सम्मान कार्यक्रम (१०० जना लाभान्वित )

✓ अपांगता भएका व्यक्तिहरु र सरोकारवाला बीच अन्तरक्रिया सम्पन्न (१३९जना)

✓ **घटना दर्ताः (२०७९ साल बैशाख देखि दोस्रो चौमासिक रिपोर्ट तयार गर्दा सम्म**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| ६१२ | ७७५ | ११८७ | १४४ | १२७ | २७१ | ६१ | ४४६ | ३०८ | ९३० | १५२ | ४२७ | २४२६ |

१ जना तेस्रो लिंगी जन्म

**न्यायिक समिति तर्फः**

न्यायिक समितिको बैठकः ९ वटा भएको।

नियमित बैठक बस्ने गरिएको। १७ वटा मुद्दा दर्ता भएको। ८ वटा मिलापत्र भएको। ( जग्गा सम्बन्धि ७ वटा १ ज्याला मजदुरी)

९ वटा मिलापत्र छलफलको क्रममा रहेको।

जिल्ला अदालत चितवनमा पुनरावेदन गएको १ (घर जग्गा १ छलफलमा रहेको।

राजपत्र प्रकाशनः ३ वटा कानून राजपत्रमा प्रकाशन भएको।

कानूनी प्रतिरक्षाः सार्वजनिक जग्गा वितरण सम्बन्धी मुद्दामा कानूनी प्रतिरक्षा गरी नगरपालिकाको जित भएको। पूर्ण पाठ आउन बाँकी।

शाखा अधिकृत

योजना तथा अनुगमन उपशाखा

क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्था:

| सि.नं. | वडा नं. | सम्झौता हुन बाँकी योजनाहरु | संझौता भएका योजना संख्या | रनिङ्ग बिल लिएका | भुक्तानी भएका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | १ | १८ | १३ | ० | ४ |
| २ | २ | १० | ६ | ० | ५ |
| ३ | ३ | २४ | १० | ० | ५ |
| ४ | ४ | ११ | १ | ० | १ |
| ५ | ५ | २७ | ७ | ० | १ |
| ६ | ६ | १८ | १० | ० | ११ |
| ७ | ७ | १८ | ४ | ० | ३ |
| ८ | ८ | १२ | ८ | ० | ७ |
| ९ | ९ | १५ | १४ | ० | ११ |
| १० | १० | १४ | ७ | ० | १० |
| ११ | ११ | १७ | ७ | २ | ४ |
| | | ५९८ | १०१ | २ | ६२ |

उपभोक्ता समितिः १०१ योजनाका लागि उ.स. गठन भई रू ४ करोड ८५ लाख ८९ हजारको सम्झौता भएको।

६२ वटा उ.स.ले २ करोड २० लाख ०१ हजारको कार्य सम्पन्न गरेका।

ख. ठेक्का प्रकृयाबाट व्यवस्थापन भएका योजनाहरुः

| सि.नं. | विवरण | संख्या | संझौता भइ काम सुरु | आसयको सूचना | मुल्याङकन हुन वाकी |
|---|---|---|---|---|---|
| १ | ठेक्का मार्फत संचालन भएका योजनाहरु | १८ | १५ | २ | १ |
| २ | नदीजन्य पदार्थ संवन्धी ठेक्का | ३ | १ | | २ |
| ३ | सामान खरिद संवन्धी ठेक्का | ५ | | | |

लेखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवन बागमती प्रदेश, नेपाल

## पुरानो अधुरो योजनाहरू कार्यान्वयनको अवस्था

| सि.नं | योजनाको नाम | | कैफियत निर्माण व्यवसायी |
|---|---|---|---|
| १ | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | म्याद थप पछि<br>अव स्था<br>सुरु नभएको (बेश सम्म कार्य भएको) | अनेष्ट |
| २ | प्रशासकीय भवन | निर्माण भइ रहेको (fisnishing कार्य बाँकि) | रविना |
| ३ | विभिन्न कल्भर्ट | कार्य गर्न सुरु नभएको (१४ वटा कल्वार्ट मध्य ६ वटा निर्माण भएको, ५ वटाको स्लब ढलान बाँकी र ३ वटाको सुरु नभएको) | सेक्टर |
| ४ | न्यरेनी देविटार सडक कालोपत्रे | सम्पन्न | नागार्जुन |
| ५ | प्रेम वहादुर तमाङको घर देखि पश्चिम वाटो कालोपत्रे | सम्पन्न | शिव शक्ति |
| ६ | २ र ३ को सिमाना वाटो कालोपत्रे | सम्पन्न | शिव शक्ति |
| ७ | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | (कार्य सुरु नभएको) सब बेश सम्म कार्य भएको र थप कार्य सुरु नभएको र ठेकदार सम्पर्कमा नरहेको | अर्भान |
| ८ | वडा नं. ८ को वडा कार्यालय भवन | कार्य सुरु नभएको (DPC सम्म कार्य भएको) | स्काइलाइन |
| ९ | भिम वहादुर थापाको घर देखि २ नं. वडा कार्यालय अगाडी वाटो कालोपत्रे | कार्य सुरु नभएको (वेश सम्म कार्य भएको) | पाण्डे |
| १० | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (दोस्रो पार्ट) | सम्पन्न भएको | संवृद्धि |
| ११ | तुलसी खनालको घर देखि भिम पनेरुको घरसम्म कालो पत्रे | कार्य सुरु नभएको (सब बेश सम्म कार्य भएको) | अर्भान |
| १२ | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्म कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) | अर्भान |
| १३ | वाटो नं. ४ तुलसी चौधरीको घर देखि उत्तर जंगल सिमाना कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) | सैयन |
| १४ | ढोकुन थार्वालिङ गुम्वा उत्तर वाटो कालोपत्रे | बेश सम्पन्न गरि prime गरेको कालोपत्रे कार्य बाँकि | सैयन |

लेखा अधिकृत

| | | | |
|---|---|---|---|
| १५ | गढुवा चोक त्रिवेणि चोक नव मिलिजुली चोक बाटो मर्मत | कार्य सुरु नभएको (३०० मि प्रि मिक्स गरेको बाँकि १८०० मि बाँकी) | प्रशंशा |
| १६ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) | पाण्डे |
| १७ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (दोस्रो पार्ट) | केहि भागमा कालोपत्रे कार्य बाँकि रही अरु भागमा कालोपत्रे सकिएको (अन्दाजी ९०% कार्य सकिएको) | पाण्डे |
| १८ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे | कार्य सुरु नभएको (अन्दाजी ९०% कार्य सकिएको) | हाइवे |
| १९ | वडा नं. १० को वडा कार्यालय भवन निर्माण | भइरहेको र finishing कार्य बाँकि रहेको | प्रसाद दुर्गा |
| २० | भिम चापागाइको घर देखि उत्तर, पुष्प वहादुर तमाङको घर देखि, त्रिनेत्र गुम्वा, ओम शान्ती मार्ग कालोपत्रे | निर्माण कार्य भइरहेको (बेश सम्म सकिएको) | आर एस |
| २१ | ढोकुन थार्वालिङ गुम्वा भवन निर्माण | निर्माण भइरहेको (अन्दाजी ४० प्रतिशत भौतिक कार्य भएको) | ड्रयागन |

चैत्र मसान्त सम्म अधिकांश योजनहरूको म्याद रहेको छ। सो समयमा समेत कार्य सम्पन नभएमा ठेक्का तोडी कालोसूचीमा राख्ने प्रकृया अगाडि बढाइनेछ।

✔ अधुरा ठेक्का विवरणः २१ वटा अधुरा ठेक्को म्याद थप गरिएको। ७ वटाको काम शुरू गरेका १४ वटा काम सुरु नगरेका। चैत्र मसान्त सम्म कार्य सम्पन्न गर्नु पर्ने।

**वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका माइलस्टोन र कार्ययोजना सहित प्रकाशन भएको।**

अधुरो योजनाका निर्माण व्यवसायीहरू सम्पर्कमा नआउने, सहजै सम्झौता रद्द गर्न कानूनी जटिलता हुदा विलम्ब भई रहेको।

**विपद ब्यवस्थापनः**

५ वटा बैठक बसेका। २३ निर्णय भएको।
विपद् व्यवस्थापन कोषबाट निर्माण गरिएका योजनाको भुक्तानी सम्बन्धी निर्णय।
विपद्ले खाल्डाखुल्डी बनाएको सडकमा ग्राभेल भर्ने कार्य।
आगलागीबाट भएको क्षतिको लागी तत्काल आर्थिक राहत दिने सम्बन्धी निर्णय।

**वन तथा वातावरण**

कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा अभिलेख गरिएको
ठुला आयोजना गर्दा वातावरणीय अध्यनको प्रतिबेदन स्वीकृत गर्ने कार्य गरिएको
जफत गरिएको नदिजन्य पदार्थलाई लिलाम बिक्रीको ठेक्का आवाहन भएको छ। ५ गते सम्म म्याद रहेको।
निजी जगाबाट माटोजन्य पदार्थ ब्यबस्थापन गर्न व्यवसायीले पेश गरेको वातावरणीय अध्यन प्रतिबेदनको चेक जाच भैरहेको
बुंङ र थांङ खोलाको IEE को प्रकृया अगी बढेको
ढुवानी ठेक्का आवहान गरी नगरपालिकाको निगरानीमा ग्रावेल घाटगद्दी गरिएको (पहिलो किस्ता बापत को रकम को बिल पेश भएको)
रेडक्रस ग्राम बिध्यालय निर्माण गर्ने ठेक्का आवहान, सम्झौता र कार्य सुचारु भएको
तोयानाथ लामिछाने घरदेखिको ठेक्का आवहान, सम्झौता र कार्य सुचारु भएको
बार्ड नं. ०५ को विभिन्न सडक कालो पत्रे गर्ने कार्य गर्न ठेक्का आवहान, सम्झौता र कार्य सुचारु भएको

अधिकृत

भीमोदय स्कुल भवन निर्माण गर्न ठेक्का आवहान, सम्झौता र कार्य सुचारु भएको ( पेश्की रकम र पहिलो भुक्तानी समेत भएको )
Thrwoling Gumba निर्माण कार्य सुचारु भई रहेको, दोस्रो किस्ताको बिल भुक्तानीको लागि पेश भएको ( करिब ३५ % काम सकिएको )
Ghorbang झो.पु.को material fabrication को ठेक्का सम्झौता भएको, कार्य समापन भएको साथै अनित्ल बिल भुक्तानी पेश भएको
Badhare झो.पु.को material fabrication को ठेक्का आवहान , सम्झौता र कार्य सुचारु भएको
Gaidaghari झो.पु को.NGO ले तयार गरेको DPR स्विकित गरिएको

## आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाई:

**क. हाल सम्मको बजेट खर्चको अवस्था:**

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४१,५०,१४,००० | १९,८६,११,४०९।२९ | ४७।८६ |
| २ | पुंजित खर्च | ५०,५६,७८,००० | ९,६२,५३,८३०।४५ | १९।०३ |
| जम्मा खर्च | | ९२,०६,९२,००० | २९,४८,७३,२३९।७४ | ३२।०६ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्था:

| क्र.स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| 1 | *समानिकरण अनुदान* | | |
| | संघ | १५,५६,००,००० | ११,६७,००,००० |
| | प्रदेश | १,४९,५४,००० | ३७,३८,५०० |
| 2 | *शर्शत अनुदान* | | |
| | संघ | २५,२६,५०,००० | १४,९७,३३,२१० |
| | प्रदेश | २,३९,६६,००० | १,७९,७४,५०० |
| 3 | *समपुरक अनुदान* | | |
| | संघ | १,००,००,००० | ८,००,००० |
| | प्रदेश | २,९९,९८,००० | ७४,९७,२५० |
| 4 | *विशेष अनुदान* | | |
| | संघ | १,००,००,००० | ४८,००,००० |
| | प्रदेश | ० | ० |
| 5 | *राजश्व बाँडफाँड* | २३,९०,३४,००० | ८,६६,३०,७४९।०४ |
| ६ | *आन्तरिक स्रोत* | ३,५०,००,००० | १,४४,२०,०८३।३१ |
| ७ | *गत आ.व को बैंक मौज्दात* | १२,५४,११,००० | ११,५४,२५,४७८।९२ |
| ८ | *अन्य संस्थागत आन्तरिक अनुदान* | १,१०,००,०००० | १७,१८,०४७ |
| ९ | *जनसहभागिता* | ५०,००,००० | ६,१६,९५० |
| | कुल जम्मा | **९२,०६,९२,०००** | **५२,००,५४,७६६।२७** |

**लेखापरीक्षण:**

- ✔ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको। हाल सम्म ८ वटा बैठक सम्पन्न।
- ✔ लेखा समितिको मिति २०७९/०६/२६ गतेको निर्णयानुसार बेरुजु फर्छ्यौटको लागि सम्बन्धित पक्षलाई पत्रचार गर्ने बेरुजुको विवरण तयार गर्ने आदी कार्यहरु भइरहेको। महालेखा परिक्षकको कार्यालयमा १२,७०,०९,३९७।६२ बेरुजु फर्छ्यौटको लागी पेश भएको।
- ✔ आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन कालिका नगरपालिकाको प्रशासनिक खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण नियम, २०७९ जारी भई लागु भएको।

## शिक्षा युवा तथा खेलकुद शाखा

विद्यालय संख्याः सामुदायिक ३५ र संस्थागत ११ जम्मा ४६
विद्यार्थि संख्याः सामुदायिक ९३१८ र संस्थागत ३५१६ जम्मा १२८३४
शिक्षक कर्मचारी संख्याः सामुदायिक तर्फ ३६०

यस वर्षको कुल बजेटः शसर्त तर्फ १६,५४,५० हजार नपा तर्फ २,९४,०५ हजार
हाल सम्मको प्रगती ४७ प्रतिशत

नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक अभिभावक गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम रहेका छन्।

नियमित प्रअ बैठक भएको। बिद्यालय अनुगमन कार्य गरिएको ।
आर्थिक वर्ष २०७८/०७९ को विद्यालयको लेखा परिक्षण प्रतिवेदन २१ वटा बिद्यालय बाट प्राप्त भएको छ। १४ वटा विद्यालयहरुबाट आउन बाँकी।

सवै २४ सामुदायिक विद्यालयहरुमा इ-हाजिरी व्यवस्थापन गरिएको। आउदा र जाँदा २ पटक अनिवार्य हाजिर हुनु पर्ने व्यवस्था गरिएको। बाँकीमा छिटै विस्तार गरिने।

विद्यालयका प्रअ र लेखा तथा जिन्सी हेर्ने कर्मचारी शिक्षकहरूको लागि लेखा / जिन्सी / प्रशासन सम्वन्धि ३ दिने तालिम संचालन गरिएको छ ।

गणित / बिज्ञान / अग्रेजी विषयका शिक्षक हरुको लागि बिषयगत तालिम संचालन गरिएको छ।

नगरपालिका स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता मिति २०७९/१०/२२गते देखि २४ गते सम्म ३ दिन संचालन भई सम्पन्न भएको छ। रत्न नगर नपाद्वारा सञ्चालन मेयरकप फूटवल प्रतियोगितामा सहभागिता, खेलाडी सम्मान कार्यक्रम समेत सम्पन्न भएको छ।

स्वयम् शिक्षक ब्यबस्थापन कार्यविधि निर्माण भई स्वीकृत भएको छ। लामो समयको विदा बस्ने, सुत्केरी विदा बस्ने र अत्याधिक विद्यार्थी चाप भएका विद्यालयमा विद्यार्थी संख्या, शिक्षक संख्या र नतिजा समेतका आधारमा शिक्षक खटाईने।

विद्यालयहरूको आ.व. २०७६/०७७ देखि बाँकी रहेका बेरुजु सम्परीक्षणका लागि बिबरण तयार गरी पेस गरीएको छ।

(IEMIS) एकीकृत शैक्षिक ब्यबस्थापन सुचना प्रणाली सम्वन्धि तालिम संचालन गरिएको छ।

आधारभुत तह परिक्षा २०७९ संचालन गर्न प्रश्न पत्र निर्माण / उत्तर कुन्जिका निर्माण / प्रश्न पत्र मोडरेशन / छपाई लागायत परिक्षा केन्द्र निर्धारणका आवश्यक कार्यहरु सम्पन्न गरिएको छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गत आबको कार्यक्रम श्री मा.वि रेडक्रसग्राममा र यस आबमा श्री भिमोदय नमुना मावि, पृथ्वी मावि र आवि दौतेसमा भवन निर्माण कार्यक्रम संचालन भई रहेको छ ।

श्री राष्ट्रिय आधारभूत बिद्यालय पिपरिया कालिका नगरपलिका २ को शौचालय निर्माण मर्मत कार्य भईरहेको।

बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान विद्यालयको खातामा पठाईएको छ ।

शिक्षक तथा कर्मचारीको नपुग तलब भत्ता, दिवा खाजाको नपुग रकम, पाठ्य पुस्तकको नपुग रकम, छात्रावृत्ति नपुग रकम, शिक्षण सिकाई अनुदान नपुग अनुदान उपलब्ध गराउन शिक्षा तथा मानव श्रोत बिकास केन्द्रमा परिपत्र भएको छ ।

**स्वास्थ्य शाखाः**

- नगर अस्पताललाई व्यवस्थित गर्न अस्पताल प्रमुखसँग कार्य सम्पादन सम्झौता गरिएको छ। भिडियो एक्सरे सेवा थप भएको छ। फार्मेसी, ल्याब र टिकट, औपिडी मा समेत सफ्टवेयर लागु गरी सेवा व्यवस्थित गरिएको छ।
- प्रयोग शाला सेवा लाइ छिटो छरितो बनाउन थप मेसिन को खरिद गरी सुधार गर्ने तयारी भईरहेको छ।

अधिकृत

- ११ वटै वडाहरुमा ८० वर्ष माथीका जेस्ठ नागरिक ६८० जना र तथा रातो कार्ड पाएका अपाङ्गता भएका ४८ जना व्यक्तिहरुलाई घरैमा गइ स्वास्थ्य परिक्षण गरिएको। स्थानीय जनताहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भएको।
- स्वास्थ्य सुचना प्रणाली तथा जिन्शी सम्बन्धि तालिम दिइ सबै स्वास्थ्य सस्था को अनलाइन रिपोर्ट गर्न सक्षयम भएको
- औषधि सम्बन्धीः ठ्क्का भई दुवै किस्ता औषधि प्राप्त भएको। नियमित कार्यक्रमहरू सञ्चालनमा रहेका।
- क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डाएलाइसिस गराईरहेका र मेरूदण्ड पक्षघात भएका विरामी हरूको लागि नेपाल सरकारको तर्फबाट मासिक रू ५ ००० को दरले उपलब्ध हुने उपचार खर्च हाल सम्म पनि नगरपालिकालाई निकासा नभएको हुदा असहज भएको।
- नगरपालिकाको अन्य शीर्षकको कोषबाट असोज सम्मको भुक्तानी गरिएको भएता पनि हाल सम्म सोधभर्ना नभएको। नगरपलिकासँग थप कोष नरहेको।
- नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने ५७ प्रकारका निशुल्क औषधी खरिद गरि वितरण नियमित भई रहेको।
- प्रदेश र सङ्घीय सरकारले किनेर पठाउनु पर्ने निश्चक ४१ आईटमका औषधी हाल सम्म प्राप्त हुन नसक्दा निशुल्क औषधी पुर्याउन नसकिएको। खरिद प्रकृयामा रहेको हुदँा नगरबाट किनेर बाढ्न पनि नसिकिने अवस्था रहेको।
- महिला स्वास्थ्य स्व्याम्सेविकाहरुको अर्धबार्सिक समीक्षा तथा अवकलोकन भर्मन सम्पन्न भएको
- स्वास्थ्यकर्मी तथा म स्वा से हरुलाई पोषण सम्बन्धि तालिम प्रदान गरिएको
- स्वास्थ्य सुचना प्रणाली तथा जिन्सी ब्यबस्थापन सम्बन्धि तालिम संचालन गरी सबै स्वास्थ्य सस्थामा कम्प्युटर प्रिन्टर इन्टरनेट सेवा बिस्तार गरी सबै अभिलेख अनलाइन मार्फत हेर्न सक्ने प्रबन्ध गरिएको
- सबै स्वास्थ्य सस्था हरुमा विधुतीय हाजिरी जडान गरि प्रयोगमा ल्याइएको
- कालिका न पा वडा नम्बर ३ र शक्तिखोर स्वास्थ्य चौकी मा महिलाहरुको पाठेघर सम्बन्धि समस्याहरुको स्वास्थ्य शिबिर गरी ३४५ जना महिलाहरुलाई सैवा प्रदान गरिएको
- ६० वर्ष उमेर पुरा भएका २ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई जनही रु एक लाख सहित सम्मानजनक बिदाइ गरिएको
- बहु क्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत एक जना पोषण स्वयंसेवक नियुक्ति भै कार्यक्रम संचालन मा रहेको
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवाशिशु को स्वास्थ्य जांच ,तथा सुरक्षित गर्भपतन सेवा दिने ब्यबस्था मिलाइएको
- स्वास्थ्यकर्मी हरुलाई नाक कान घांटी सम्वन्धी तालिम सम्पन्न भएको

**कृषि तथा पशुसेवा शाखाः**

**कृषि विकास तर्फ सम्पन्न भएका मुख्य क्रियाकलापहरूः**

कृषकको तर्फबाट ३० लाख र नगरपालिकाको तर्फबाट ३० लाख गरी कुल ६० लाख रूपैयाको मौरी, च्याउ र तरकारी पकेट कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमबाट १०८ जना कृषकलाई पुँजी, प्रविधि र तालिम हस्तान्तरण भएको। मौरी तर्फ ६३ जना कृषक, च्याउ तर्फ १३ जना कृषक र तरकारी तर्फ ३२ जना कृषकहरू लाभान्वित भएका।

**कृषि विकास तर्फ सम्झौता भई कार्य प्रकियामा रहेका अन्य क्रियाकलापहरुः**

| सि नं | क्रियाकलाप | कैफियत |
|---|---|---|
| १ | पुष्प व्यवसाय प्रर्वद्धन कार्यक्रम | १ वटा सम्पन्न १ वटा काम भईरहेको |
| २ | बिषादी प्रयोग सचेतना तालिम | ३ वटा सम्पन्न भई २ वटा बाँकी रहेको |
| ३ | मल्चिंग प्लास्टिक वितरण - ५० % प्रतिशत अनुदान | काम सम्पन्न भैसकेको |
| ४ | मागमा आधारित कार्यक्रम (केरा) ५० प्रतिशत अनुदान | ५ वटा सम्झौता भएकोमा १ वटा सम्पन्न र अरु काम भईरहेको |
| ५ | मागमा आधारित नविनतम कृषि औजार सामाग्री | सम्झौता भई काम भईरहेको |
| ६ | रासायनिक मल कार्ड वितरण | काम सम्पन्न |

...या अधिकृत

| | | |
|---|---|---|
| ७ | साना तथा मझौला सिंचाई आयोजना निर्माण तथा मर्मत संभार कार्यक्रम-अनुदान | सम्झौता भई काम भईरहेको |
| ८ | सामुहिक खेती गर्ने कृषकहरुको समुह / सहकारी तथा संस्थाहरुलाई ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम | सम्झौता भई काम भईरहेको |
| १० | खायन आलु उत्पादन कार्यक्रम | खायन आलुमा दरखास्त १५४ जना<br>स्विकृत १४२ जना = २२ बिगाहा ६ कठ्ठा।<br>२ देखी ३ कठ्ठा हुने ११५ जना (विउको ५० प्रतिशत अनुदान = २५६ कठ्ठा<br>४ देखि ५० कठ्ठा हुने २७ जना (लागतको ५० प्रतिशत अनुदान) =१९० कठ्ठा।<br>३८ जनाको बील भुक्तानीका लागी पेश गरिएको र बाँकी कृषकको कागजात संकलन गरिदै। |
| १४ | खाद्यान्न वालीको उन्नत बिउ उपयोगमा अनुदान | रामपुर हाईब्रिड-१०, रामपुर हाईब्रिड-१२, रामपुर हाईब्रिड-१६ र रामपुर कम्पोजिट मकैको बीउ खरिद गरी वितरण गरिएको। |
| १५ | मकैवाली प्रबर्द्धन कार्यक्रम | मिति २०७९।०९।२५ गते सूचना प्रकाशन भई कम्पाईलेसन भईरहेको |
| १६ | रैथानेवाली प्रवर्द्धन कार्यक्रम | मिति २०७९।०९।२५ गते सूचना प्रकाशन भई कम्पाईलेसन भईरहेको |
| १७ | व्यवसायिक कागती खेती विस्तार कार्यक्रम | कम्पाईलेसन भई कृषक छनोटको चरणमा रहेको। |
| | ➢ | |

**मल व्यवस्थापन तर्फः**

सवै वडाहरूमा मल प्राप्तीको लागि कृषक मलकार्ड लागु गरिएको। वडा अध्यक्ष, सचिव तथा अन्य कर्मचारीलाई प्रशिक्षण गरिएको। मलकार्ड लागु भए पश्चात अनावश्यक माल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ।
मलको माग बमोजिम नेपाल सरकारबाट आवश्यक मात्रामा मल प्राप्त नहुदा विरतणमा समस्या रहेको छ। जसमा

आ व २०७९।०८० मा आवश्यक मल परिमाण

- ➢ युरिया – २११५ मे.ट. डि ए पी - ९७६ मे.ट. म्युरेट अफ पोटास - १०११ मे.ट.

२०७९।११।२९ सम्म आपुर्ति भएको मलको परिमाण

- ➢ युरिया – २६० मे.ट. (आपुर्ती १२.२९ प्रतिशत) डि ए पी – १४४.५ मे.ट. (आपुर्ती १४.८० प्रतिशत)
- ➢ म्युरेट अफ पोटास - ४५ मे.ट. (आपुर्ती ४.४५ प्रतिशत)

बिक्रेताहरु कृषि सहकारीहरु: ८ वटा सहकारीहरु ४ वटा एग्रोभेटहरु: ११ वटा

३२७ जना कृषकलाई ३२०० प्याकेट मकैमा लाग्ने फौजी कीराको बिषादी बितरण
५५० जना कृषकलाई कृषि सम्बन्धि प्रविधिक सेवा प्रदान गरिएको।

**पशु सेवा तर्फः**

***हालसम्म सम्पादन भएका मुख्य क्रियाकलापहरु:***

बिश्व रेविज दिवशको अवसरमा सामुदायिक ३१९ कुकुर र १२ वटा बिरालो लाई खोप लगाएको छ।

पशुपन्छी उपचार सेवा २६६०, परजिवि नियन्त्रण ५४७५, प्रयोगशाला सेवा ८६८, बाख्रामा पिपिआर खोप सेवा १७०००

हिउदे घाँसको विउ निशुल्क बितरण ५००० के जि, लाभग्राही संख्या ७७७

बर्षे घाँसको बीउ निशुल्क बितरण २००० के जि , लाभग्राही कृषक संख्या ८०६

अधिकृत

गाईभैंसीमा कृत्रिम गर्भाधान सेवा ३५२१

बिमा दावी सिफारिस ६७

**पशुसेवा शाखाबाट सम्झौता भई काम भईरहेका अन्य क्रियाकलापहरू:**

| | |
|---|---|
| १ | ४ वटा मत्स्य बिकास तथा बिस्तार कार्यक्रम सम्झौता भएको |
| २ | १० वटा फर्महरूलाई लागत साझेदारीमा गोठ सुधार कार्यक्रम |
| ३ | २० वटा गोठहरू लागत साझेदारीमा गोठ सुधार भई रहेको । |
| ४ | १० वटा कुखुरा तथा कालिजको खोर सुधार भइरहेको। |
| ५ | २७ जना कृषकलाई १०० वटा काउन्याट बितरण हुँदै |
| ६ | ४ वटा च्यापकटर बितरणमा ८० प्रतिशत अनुदान |
| ७ | ५ जना कृषकलाई पशुपन्छीको दाना बनाउने मेशिन बितरणमा ८० प्रतिशत अनुदान |
| ८ | १० जना बंगुरको खोर सुधार कार्यक्रम |
| ९ | २ जना किसानलाई ब्रसरकटर बितरणमा ८० प्रतिशत अनुदान |
| १० | ६ जनालाई बाख्राको नमुना खोर सुधारका लागि सम्झौता भएको। |
| ११ | मागमा आधारित डेरि उपकरणमा ८० प्रतिशत अनुदान |
| १२ | १५ जना कृषकलाई ह्वील ब्यारो बितरणमा ८० प्रतिशत अनुदान |

**भवन तथा वस्तिविकास उपशाखा र स्थानीय भूमि परिषद्**

**१. घर नक्सा पास तर्फ**

| सि.नं | सूचना काटेको संख्या | प्रथम चरण इजाजत (अस्थाही संख्या) | दोस्रो इजाजत (स्थाही संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | ३८ | ३२ | २५ | २८ |

**२. घर अभिलेखीकरण कार्य तर्फ**

| सि.नं | सूचना काटेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | - | ७ |

**४. घर मूल्यांकन ( मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि )**

| सि.नं | मूल्यांकन संख्या | कैफियत |
|---|---|---|
| १. | ४२ | ( मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि ) |

**६. अमिन माग तर्फ**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा दिईएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | १०२ | ६२ | बाकी ४० वटा अमिन माग निबेदन दिइ मानिस सम्पर्कमा नआएको र जग्गा वर्गिकरणको कामको कारणले हुन नसकेको |

...खा अधिकृत

स्थानीय भूमि परिषद् तर्फ
१. कुल बैठक निर्णय: ७ वटा
२. अल्पकालिन जग्गा बर्गीकरण सिफारिश संख्या : दुई चोटी गरि (५४+७६= कुल १३० वटा)
३. कालिका नगरपालिका भू उपयोग वर्गीकरण कार्यबिधि २०७९ र जग्गा बर्गिकरण मापदण्ड तयार गरी जग्गा बर्गीकरण कार्य सुचारु ।
४. वडा बाट निबेदन माग संकलन गरिएको र जग्गा बर्गीकरण सिफारिश चैत्र १ बाट सुरु हुने।
५. जग्गा बर्गीकरणको नक्शांकनको कार्य चैत्र पहिलो हप्ता बाट वडागत छलफल हुँदै सुरु हुने।

भूमि आयोगको काम सम्बन्धीः

जम्मा जमिन नाँपजाँचको अवस्थाः वडा नं. ६, ३, ८, ७ ६०१३ परिवारको ३४५ विगाह नापी सम्पन्न।

अब जमिन नापजाँच हुन बाँकी क्षेत्रः १,२,४,५,९,१०,११ वडा नं. ७ र ८ को आंशिक काम बाँकी

उद्योग दर्ता सम्बन्धीः

हाल सम्मको उद्योग दर्ताको अवस्थाः ८२ जम्मा दर्ता नविकरण भएको २

- बजार अनुगमनः ३ पटक ९७ वटा पसल

वडा कार्यालयहरुः नियमित रूपमा कार्य अगाडि बढिरहेको छ।

३ वटा वडामा दोहोरो जिम्मेवारीमा वडा सचिव प्रवन्ध गरिएको छ। रिक्त पदहरूको लोकसेवा आयोगमा पदपुर्तीको लागि लेखी पठाईएको छ। सचिव पदमा स्थायी पदनै हुनु पर्ने बाध्यताले दोहोरो जिम्मेवारीमा काम गर्नु पर्ने बाध्याता रहेको छ।

**प्रधानमन्त्री रोजगार कर्यक्रम तर्फ**

आ.व २०७९।८० मा सुचिकृत बेरोजगारहरु ४८२
आ.व २०७९।८० को लागि मन्त्रालयबाट बिनियोजित बजेट रु ४०८६०००
जम्मा सञ्चालित आयोजनाहरु १२ वटा
भुक्तानी भएका आयोजनाहरु ४ वटा
काम सम्पन्न भई भुक्तानीको चरणमा रहेका आयोजनाहरु ७ वटा
सुचारु हुन बाँकी आयोजना १ वटा
हालसम्म बेरोजगार कामदारहरुको खातामा भुक्तानी भएको रु.१५७०३९२
हालसम्म १०० दिने रोजगारीमा सङ्लग्न ५८ जना

आ.व २०८०।८१ को लागि बेरोजगार दर्ता फारम खुलिसकेको र यहि चैत्र मसान्त भित्र सुचिकृत भै सक्नुपर्ने। वडाहरूमा बेरोजगार दर्ता भईरहेको छ।
कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुसँग अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

यस प्रस्तुती पश्चातः

7. उपस्थित नगरबासीहरुसँग दोहोरो संवाद सवाल जवाफ

कालिका नगरपालिका वडा न ६ को वडा कार्यालय भवनमा आयोजना भएको सार्वजनिक सुनुवाईमा नगर क्षेत्रमा देखिएका विभिन्न समस्याहरुका बारेका स्थानीय सहभागीहरुले जवाफदेही जिम्मेवार व्यक्तिहरु नगर प्रमुख , प्रमुख प्रशासकीय अधिकृत , वडा अध्यक्ष र

शाखा प्रमुख ज्यु हरु समक्ष करिय ५० भन्दा जिज्ञासाहरु राख्नु भएको थियो। जसमा मुख्य मुख्य विषयवस्तु नगर अस्पतालको सेवा विस्तार तथा सुधार , शैक्षिक गुणस्तरमा जोड ,कलेज संचालन , मल बिऊबिजनमा सर्वसुलभ , कृषि अनुदानमा पारदर्शिता , फोहरमैला व्यवस्थापन , खोला नियन्त्रण तथा बाढी नियन्त्रणका लागि ठोस योजना ल्याउनु पर्ने , खानेपानीको समस्या समाधान , विभिन्न सडक निर्माण , क्लब चोक १ न. सडक र गड्डवा चोक देखि भरतपुर जोड्ने सडक स्तर सुधार ,ठेक्काबाट कार्य लगाउने ,तर कार्य प्रगति हासिल हुन नसक्नु ,पुजीगत खर्च कम हुनु ,चेपांग विकास कार्यक्रम संचालन , मेयर आवास कार्यक्रम लाई निरन्तरता , चेपांग क्षेत्रमा बिद्युत लाईन विस्तार ,समयमा प्रविधिका जनशक्ति उपलब्धता, वडा बाट नै सम्पत्ति तथा भुमैकर संकलन , आन्तरिक आयमा सुधार गर्नुका साथै नगर क्षेत्रमा गरिने आर्थिक करिवर गर्ने संघ सस्थाको अनुगमन गर्नुका साथै संघ सस्थाको नेतृत्वमा नगरको ध्यान जानुपर्ने जस्ता बिषयहरु उठेका थिए।

सार्वजनिक सुनुवाईमा नगरबासीले उठाएका सवालहरुका सम्बन्धमा शाखा प्रमुख , वडा अध्यक्ष , प्रमुख प्रशासकिय अधिकृतले नगरले गरेका प्रयास र कार्यहरुको बारेमा जानकारी गरीएको थियो। अन्तमा नगर प्रमुख ज्युबाट सम्पूर्ण जिज्ञासाहरुको नगरले गरेका र गर्न खोजेका कार्यहरुको बारेमा जानकारी गराउदै कार्यक्रममा उठेका जिज्ञासालाई नगरको श्रोत र साधन र प्रदेश र संघ संगको सहकार्यमा समाधान गर्दै जाने प्रतिवद्ध रहेको जानकारी गराउनु भएको थियो।

**८ उठेका सवाल र सुधार गर्नुपर्ने विषयका सन्दर्भमा कालिका नगरपालिको तर्फबाट प्रतिवद्धता:**

१. सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरु कार्यन्वयन गरिने छ।

२. सहभागिता थप वृद्धि गर्ने प्रयास गरिने छ।

३. नागरिक अभिमत बाट प्राप्त सुझाव कार्यन्वयन गरिने छ।

४. संघ , प्रदेश र अन्य निकाय संग सहकार्य गरि विकास निर्माण कार्यलाई अघि बढाईने छ।

५. बिधुत प्राधिकरण संग अधुरा तथा लाईन विस्तार कार्यलाई अगाडि बढाईने छ।

**९. नगरप्रमुख तथा सार्वजनिक सुनुवाई कार्यक्रमका अध्यक्षबाट समापन मन्तब्य साथ कार्यक्रमको समापन**

**१०. चियापान**

**प्रकाश चन्द्र पौडेल**

**सूचना अधिकारी**

**कालिका नगर कार्य पालिकाको कार्यालय**

शाखा अधिकृत